नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०५/०२ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | मेरिना खाजा घर, टोखा-०९, विष्णुमति कोरिडोर क्षेत्र | • व्यवसाय दर्ता नगरी गुणस्तरहीन खाद्य पदार्थ बिक्री वितरण गरिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• खाद्य पदार्थ तारिएको तेलको TPM १७ भई मापदण्ड अनुकूल पाइएको<br>• फ्रिजमा शाकाहारी, मांशाहारी, काँचो तथा पाकेको खाद्य पदार्थ सँगै भण्डारण गरेको<br>• खाद्य पदार्थलाई मसिजन्य पत्रिकाले छोपेर भण्डारण गरेको<br>• कृत्रिम खाद्य रंग प्रयोग गरी तारेर तयार गरिएको चिकेन लेगपिस पाँच (५) के.जी., पखेटा डेढ (१.५) के.जी., चिकेन खुट्टा दुई (२) के.जी., माछा एक (१) के.जी. बिक्रीका लागि भण्डारण गरेर राखिएको। | • कृत्रिम खाद्य रंग प्रयोग गरी पकाइएको करिब नौ के.जी. पाँच सय ग्राम (९.५ के.जी.) खाद्य पदार्थ नष्ट गरेको<br>• उल्लेखित कैफियत सुधार गरी सात (७) दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको। |
| २. | रामु खाजा घर, टोखा-०९, विष्णुमति कोरिडोर क्षेत्र | • व्यवसाय दर्ता नगरी गुणस्तरहीन खाद्य पदार्थ बिक्री वितरण गरिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• व्यक्तिगत सरसफाइ सन्तोषजनक नरहेको<br>• खाद्य पदार्थ तारिएको तेलको TPM १३.५ भई मापदण्ड अनुकूल पाइएको<br>• फ्रिजमा खाद्य पदार्थ अव्यवस्थित तरिकाले भण्डारण गरेको<br>• भान्सामा exhaust fan नरहेको<br>• कृत्रिम खाद्य रंग प्रयोग गरी तारेर तयार गरिएको चिकेन लेगपिस, पखेटा, आलु चप, चिकेन ललिपप र माछा बिक्रीका लागि भण्डारण गरेर राखिएको। | • कृत्रिम खाद्य रंग प्रयोग गरी पकाइएको करिब चौध (१४) के.जी. खाद्य पदार्थ स्थानीय तहको रोहबरमा नष्ट गरेको<br>• उल्लेखित कैफियत सुधार गरी सात (७) दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको। |

| | | | |
|---|---|---|---|
| ३. | सुर्खेत गुर्भाकोट खाजा घर, टोखा-०९, विष्णुमति कोरिडोर क्षेत्र | • व्यवसाय दर्ता नगरी गुणस्तरहीन खाद्य पदार्थ बिक्री वितरण गरिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• फ्रिजमा खाद्य पदार्थ अव्यवस्थित तरिकाले भण्डारण गरेको<br>• फोहोरदानी खुल्ला रहेको<br>• कृत्रिम खाद्य रंग प्रयोग गरी तरेर तयार गरिएको चिकेन लेगपिस दुई (२) के.जी., आलु चप आदि (०.५) के.जी., चिकेन खुट्टा दुई (२) के.जी. र माछा एक (१) के.जी. बिक्रीका लागि भण्डारण गरेर राखिएको। | • कृत्रिम खाद्य रंग प्रयोग गरी पकाइएको करिब साढे पाँच (५.५) के.जी. खाद्य पदार्थ स्थानीय तहको रोहबरमा नष्ट गरेको<br>• उल्लेखित कैफियत सुधार गरी सात (७) दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको। |
| ४. | के टि एम खाजा घर, टोखा-०९, विष्णुमति कोरिडोर क्षेत्र | • व्यवसाय दर्ता नगरी गुणस्तरहीन खाद्य पदार्थ बिक्री वितरण गरिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा भान्सा र भाँडा सफा गर्ने ठाउँ सँगै रहेको र एकदमै साँघुरो रहेको<br>• फोहोरदानी खुल्ला रहेको<br>• खाद्य पदार्थ (आलु चप) मा कृत्रिम रंग प्रयोग गरेको<br>• करिब एक (१) के.जी. नछोपी राखेको र झिंगा भन्केको मासु पाइएको। | • कृत्रिम खाद्य रंग एक (१) थान (१०० ग्राम) र एक (१) के.जी. मासु नष्ट गरेको<br>• उल्लेखित कैफियत सुधार गरी सात (७) दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः चार (४) वटा** | | | |

Bsharma

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/०३

**अनुगमनका केहि झलकहरुः**










MAX TIGER
ENERGY DRINK





